
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ६ गते शुक्रबार ❑ 22 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## आर्थिक गतिविधि बढाउन महोत्सवको योगदान महत्वपूर्ण हुने : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

''महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि'' भन्ने मुल नाराका साथ लेखनाथमा विहीबारबाट १९औं संस्करणको लेखनाथ महोत्सव शुरु भएको छ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन हुने महोत्सवको एक समारोहका विच उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आर्थिक गतिविधि बढाउन महोत्सवको योगदान महत्वपूर्ण रहने बताए। मुख्यमन्त्री पाण्डेले कृषि उत्पादनमा अनुदान दिने प्रदेश सरकारको योजनामा सहभागी हुन अनुरोध गर्दै युवाहरू रहर या बाध्यताले विदेश जानुपरेको र पहाडी क्षेत्रका जग्गा बाँझो बसेको भन्दै उत्पादनमा जोडिएर सरकारको कार्यक्रममा सहभागी हुन आग्रह गरे।



उहाँले गाँजालाई वैधता दिन प्रदेश सरकारले तयारी गरिरहेको वताउँदै यसलाई लागूपदार्थ भन्दा पनि औषधीको रुपमा अपनाउनुपर्ने वैधता दिने विषयमा सहयोग गर्न प्रतिपक्ष दललाई आग्रह समेत गरेका थिए। गाजाको उत्पादन बढाउने र दुरुपयोग कसरी नियन्त्रण गर्ने भन्ने विषयमा विभिन्न छलफल समेत भएको बताए। गण्डकी प्रदेशमा घरेलु मदिरा धैरै प्रयोग र उत्पादन हुने गरेकोमा घरेलु मदिरा उत्पादनलाई पनि कानुनी मान्यता दिन प्रदेश सरकार लागिरहेको बताए। उनले विदेशबाट ठुला मदिरा आयात हुन्छ तर स्थानीय मदिरालाई मान्यता नदिँदा आर्थिक रूपमा समेत यसले प्रभाव पार्ने बताए। कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले कवि शिरोमणि लेखनाथ पौडेलको नामनै मेटाउने गरि महानगरपालिका बनाए पनि यहाँका जनतामा भने त्यो पाच्य नभएको बताउदै यहाँ देखिएको विविधाताले भरिएका झाँकी ऱ्यालीले पनि एकताको सन्देश दिएकाले लेखनाथलाई नमुना योग्य शहर बनाउन सामुहिक भावनाले अगाडी वढ्नु पर्ने वताएका थिए। यस्तै गण्डकी प्रदेश सरकारकी प्रवक्ता तथा उर्जा तथा सिंचाई मन्त्री सरस्वती अर्यालले महोत्सवमा महिला आमा दिदिबहिनीहरुको सहभागिता उत्साहजनक देखीएको वताउँदै महिलाहरुको शसक्तिकरणका लागी पनि सबैल सोच्नुपर्ने वताएकी थिईन। संघीय सांसद मन बहादुर गुरुङले लेखनाथलाई कृषि र पर्यटनको माध्यमबाट कसरी बिकास गर्न सकिन्छ भन्ने तर्फ सोच्नु पर्ने आवस्यकता औल्याएका थिए भने पुर्व मन्त्री यज्ञ बहादुर थापाले उत्पादन र उद्यमशितालाई अग्रभागमा राखेर अगाडी वढ्नका लागि सवैलाई अनुरोध गरेका थिए। उक्त अवसरमा नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्ष सुरकुष्ण बैद्यले सरकारले राष्ट्रिय उत्पादनलाई ध्यान नदिने र आयातित वस्तुमा मात्र निर्भर हुदाँ देशको अर्थतन्त्र कमजोर हुदै गएको संकेत गरेका थिए भने महासंघ कै वस्तुगत उपाध्यक्ष हेमराज ढकालले युवा पुस्तालाई उद्योग र ब्यापारका बारेमा पढाउन नसक्दा विदेशिने क्रम बढेकाले यसलाई कसरी रोक्न सकिन्छ भन्ने तर्फ तिन तहको सहकारका विच सहकार्य आवस्यक रहेको धारणा राखेका थिए। गण्डकी प्रदेश उद्योग बाणिज्य महासंघका अध्यक्ष अमृत भट्टचनले सरकारी तहबाट ब्यवसायीका समस्या नवुझ्दाँ अव ब्यवसायीहरु विदेशिने पर्ने अवस्था सृजना भएको तर्फ संकेत गरेका थिए भने पोखरा महानगरपालिकाकी उप प्रमुख मञ्जुदेवि गुरुङले युवाहरु कसरी स्वदेशमा नै रोजगार सृजना गर्न सकिन्छ भन्ने तर्फ सचेत हुदै उद्यमशिलताका बारेमा युवा र महिला लक्षीत कार्यक्रमहरु संचालन गर्दै आएको जानकारी गराएकी थिईन। महोत्सवमा स्थानिय आमा/महिला समुह, संघ संस्थाहरु र विभिन्न जातजाती एवं भाषा भाषीहरुको ४ सय भन्दा वढि संख्यामा झाँकी ऱ्याली निकालीएको थियो भने मातृशक्तिको सम्मानमा प्रस्तुत गरिने रत्यौली प्रतिोगिताको लागी ३५ समुहमध्येबाट छनोट हुन सफल २० समुहको नाम घोषण गरिएको थियो। पुष १६ गते सम्म चल्ने महोत्सवका मुख्य आकर्षणहरुमा महोत्सवस्थलमा थ्रिडी आर्ट मार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, एलईडि डिस्प्ले मार्फत स्टेजबाट प्रायोजकहरुको प्रवर्द्धन, भिड र सुरक्षालाई मध्यनजर गर्दै दर्शकहरुका लागि ई-सेवाबाट टिकट काट्न सकिने गरि व्यवस्था मिलाईएको छ। साथै राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट स्टेज सो, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन् भने जातजातिहरुको सांस्कृतिक जर्गेना कार्यक्रम तथा मातृशक्तिको सम्मानमा आयोजना गरिदै आएको महिला विशेष कार्यक्रम अन्तर्गत रत्यौली गित प्रतियोगिता, ख्याती प्राप्त कलाकारहरुबाट दैनिक प्रस्तुती, सुगम संगित अन्तर्गत कन्सर्ट लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरु रहनेछन।

## कांग्रेस बलियो भए मात्रै संविधानको रक्षा हुन्छ : सभापति देउवा

**रासस**
जनकपुर, ५ पुस

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस बलियो भएमा मात्रै संविधान र परिवर्तनको रक्षा हुने बताउनुभएको छ।

नेपाली कांग्रेस मधेस प्रदेशको आयोजनामा बिहीबारदेखि जनकपुरधाममा सुरुभएको प्रथम मधेस प्रदेश सम्मेलनको उद्घाटन गर्दै सभापति देउवाले सङ्घीयता, समावेशिता र परिछल्ला उपलब्धिमाथिको प्रहार रोक्न पनि कांग्रेस र मधेस बलियो हुनुपर्ने बताउनुभयो। पूर्व प्रधानमन्त्री देउवाले समावेशी, समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न अपनाइएका निर्वाचन प्रणालीका कारण कुनै पनि पार्टीको एकल सरकार बनाउन नसक्ने हुँदा गठबन्धन गर्नु परेको उल्लेख गर्नुभयो। उहाँले पार्टीभित्रको अविश्वास र अन्तर्घातलाई रोकेर एकताबद्ध हुनसके कांग्रेसलाई थप ठूलो पार्टी बनाउन सकिने धारणा राख्नुभयो। त्यसका लागि सबैले एकजुट भएर पार्टी सङ्गठन निर्माणमा लाग्नुपर्ने उहाँको भनाइ थियो। सम्मेलनमा पार्टी उपसभापति एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले मधेशलगायत प्रदेश सरकारले सङ्घीयताको कार्यान्वनका सन्दर्भमा व्यक्त भएका असन्तुष्टि सम्बोधन गर्न कांग्रेससहितको वर्तमान सरकारले छिट्टै आवश्यक प्रक्रिया टुङ्गोमा पुऱ्याउने बताउनुभयो। उहाँले विगतमा मधेशवादी दलहरुले संविधान संशोधनका लागि उठाएका माग सम्बोधन गर्न कांग्रेसले दोस्रो पटक संविधान संशोधनको प्रस्ताव पेश गरे पनि अन्य दलका कारणले सफल नभएको स्मरण गर्दै फेरि पनि कांग्रेसले नै मधेसका चिन्ता र चासो सम्बोधन गर्न नेतृत्व गर्ने बताउनुभयो। त्यसैगरी उपसभापति एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्घीयता कार्यान्वयनका लागि बाँकी रहेका काम टुङ्ग्याउन आवश्यक कानुन बनाउने प्रक्रिया सुरु भइसकेको बताउनुभयो। उहाँले संसद्को आउँदो अधिवशेनमा सङ्घीयता कार्यान्वयनसँग जोडिएका धेरै कानुन निर्माण गरिसक्ने र तत्काल गर्नुपर्ने कामका लागि अध्यादेशको सहारा लिन सकिने पनि बताउनुभयो।

## लेकसिटी र सुर्खेतका विद्यार्थीबीच समाजको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा सोसल वर्क (सामाजिक कार्य) पढिरहेका विद्यार्थी र मध्यपश्चिम विश्वविद्यालय सुर्खेतका विद्यार्थीबीच बिहीबार अन्तर्क्रिया भएको छ।




उक्त विषयको पढाइका सिलसिलाको अर्बान क्याम्पका क्रममा सुर्खेतदेखि सो विद्यालयका विद्यार्थी पोखरा आइपुगेका थिए।

सोसल वर्क पढाइ हुने गण्डकी प्रदेशकै एकमात्रै कलेज लेकसिटीका विद्यार्थीसँग सुर्खेतका विद्यार्थीले अनुभव साटासाट गरेका हुन्। मध्यपश्चिम विश्वविद्यालयका शिक्षक डा. धनुष पाठकले सहरी शिविरका क्रममा सामाजिक कार्यको पढाइलाई प्रयोगात्मक तरिकाले कसरी लैजाने भन्ने अनुभव आदानप्रदान गर्न पोखरा आएको जानकारी गराए।

मध्यपश्चिम विश्वविद्यालयमा सोसल वर्क पढिरहेका विद्यार्थीले आफ्ना अनुभव सुनाए भने लेकसिटी कलेजका प्रतिमा पौडेल र आशिका रानाभाटले आफ्नो कलेजका ग्रामीण र सहरी शिविरका अनुभव बाँडे। लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा सामाजिक कार्य संकाय प्रमुख रोशिना कुँवरले धन्यवादसहित मध्यपश्चिमका डा. पाठकलाई मायाको चिनो प्रदान गरिन्। यसअघि गत वर्ष लेकसिटीका विद्यार्थी सहरी शिविरका सिलसिलामा सुर्खेत पुगेका थिए। हालैमात्रै एउटा समूह चितवनको थारु बस्तीमा ग्रामीण शिविरको अनुभव बटुलेर फर्किएको छ।

## युवालाई स्वदेशमै टिकाउने कार्यक्रम आवश्यक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

"पछिल्लो समय नेपाली कांग्रेससँग नयाँ पुस्ता खुसी नभएको तथा पार्टीमा नयाँ पुस्ता जोडिन नसकेको गुनासो बढ्दै गएको छ। पुरानो पार्टीबाट देश बन्दैन, यिनीहरुले देश बिगारे भन्ने भाष्य विकास गर्न खोजिएको छ।" पोखरामा सम्पन्न नेपाली कांग्रेसको गण्डकी प्रदेश सम्मेलनमा प्रदेश सभापति शुक्रराज शर्माले प्रस्तुत गर्नुभएको अवधारणापत्रमा भनिएको छ।

सभापति शर्माले भनेजस्तै पछिल्लो समयमा कांग्रेसमा मात्र नभइ पुराना राजनीतिक दलमा यो समस्याबारे चर्चा हुने गरेको छ। कांग्रेस सम्मेलनको उद्धाटन सत्रमा मात्र होइन बन्द सत्रका अधिकांश सहभागीले पनि पार्टीमा युवा शक्तिको आकर्षण घटेको दुखेसो गरेका थिए।


सङ्घीय सरकार होस् वा प्रदेशिक अथवा स्थानीय अधिकांश नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका कांग्रेसजनले बढ्दो युवा पलायनलाई रोक्न विशेष प्रयास गर्नुपर्नेमा जोड दिएका थिए। विदेशिएका युवा शक्तिको क्षमता र साधनलाई राष्ट्र निर्माणमा परिचालन गर्न भरपर्दो कानुनी सुरक्षा प्रदान गर्ने वातावरण तुरुन्त निर्माण गरे पार्टीको साख बचाउन मद्दत पुग्ने सम्मेलनको अवधारणापत्रमा समेटिएको छ।

युवाको क्रियाशिलता, सहभागिता, नेतृत्व तथा समर्पण बिना मुलक निर्माणको अभिभारा पूरा गर्न नसकिने उल्लेख गर्दै अवधारणापत्रमा भनिएको छ, "नेपालमा युवालाई बस्न, काम गर्न र व्यक्तित्व विकास गर्न अनुकूल वातावरण हामीले दिन नसक्दा युवा जनशक्तिको पलायन डरलाग्दो आकार र गतिमा हुदै गएको छ। यसले समाजमा व्याप्त निराशाको प्रतिनिधित्व मात्र होइन थप निराशा र असन्तुष्टि पनि बढाउदै लगेको छ।"

युवामा आएको विचलन, निराशा र असन्तुष्टिले प्रजातन्त्रको भविष्य पनि धुमिल हुँदै गएको उल्लेख गर्दै सभापति शर्माले गैर जिम्मेवार शक्तिको हातमा मुलकको बागडोर पुग्ने जोखिम बढेर गएको भन्नु भएको छ। कांग्रेसले देशभित्र नै अवसर सृजना गरी युवालाई स्वदेशमा बस्ने वातावरण बनाउने अभियानको नेतृत्व लिनुपर्ने बताउँदै उहाँले युवालाई देशमै रोक्नका लागि युवा लक्षित कार्यक्रमहरू बढाउनुपर्नेमा जोड दिनुभयो। प्रशिक्षित, क्षमतावान युवाको नेतृत्व नभइ परिवर्तन पनि बचाउँन नसकिने उल्लेख गर्दै अवधारणापत्रमा युवासँग भएको सीप, जाँगर, अनुभव तथा शैक्षिक योग्यताका आधारमा सहुलियतपूर्ण ऋण प्राप्त गर्न सक्ने र यस्तो ऋण प्रदान गर्दा स्थापना गरिने व्यवसायलाई नै धितोको रुपमा लिने प्रबन्ध मिलाउनुपर्ने सुझाव दिइएको छ।

निजी क्षेत्रसँगको सरकारी सहकार्य विस्तार गर्नुपर्ने भन्दै कांग्रेसले निजी क्षेत्रसँगको सहकार्यमा कसरी युवा जनशक्तिलाई देशमै सिकाउन, टिकाउन तथा बिकाउन सकिन्छ भन्ने बारेमा छलफल गरी सोही बमोजिमको नीति कार्यान्वनयमा ल्याउनुपर्नेमा पार्टीले जोड दिएको छ। युवाहरुले आरम्भ गर्ने नव प्रवर्तनका कार्यक्रमहरूको स्वामित्व राज्यले लिने वातावरण बनाई युवालाई प्रत्येक पाइलामा सहयोग गर्ने नीति बनाइनुपर्ने भन्दै पार्टीले स्वदेशी उत्पादन तथा सेवाको उपभोगलाई प्राथमिकतामा राख्नुपर्ने बताएको छ।

विदेशमा रहेका युवाहरूसँगको सम्पर्क वृद्धि गर्दै दीर्घकालमा उनीहरूलाई स्वदेश फिर्ता ल्याउन प्रयास गर्नुपर्ने भन्दै अवधारणापत्रमा तत्कालको लागि उनीहरूको सीप, अनुभव र पुँजीलाई देशमा भित्र्याउन आवश्यक सबै प्रयत्न गर्नुपर्ने उल्लेख छ। युवामा व्याप्त निराशाको अन्त्यका लागि सकारात्मक सोचसहितको प्रशिक्षण, ध्यान, योग, साधना शिविरहरु ठाउँ ठाउँमा सञ्चालन गरिनुपर्ने उल्लेख गर्दै सभापति शर्माले युवालाई राष्ट्र निर्माणमा अभिभारा लिन सक्ने बनाउन क्षमता अभिवृद्धि गर्ने, पार्टी नेतृत्वमा अवसर दिने, राष्ट्रका विभिन्न जिम्मेवारीमा युवालाई प्राथमिकता दिने नीति लिनुपर्ने बताउनुभयो।

# पोखराको काहूँमा तीन दिने अन्तर्राष्ट्रिय योग महोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

जर्मनीबाट आएकी तारा उब्बेनाले आफ्ना प्रेमीका साथ तीन दिनसम्म योगाका सम्पूर्ण सेशन पूरा गरिन् । नेपाली बाबु र जर्मन आमाका सन्तान उनी पोखरामा जर्मन प्रेमीका साथ रमिइरहेकी छन् । यही बेला यहाँको रमणीय डाँडा काहूँमा पोखरामै पहिलोपटक स्पीरिट नेपाल ईन्टरनेशनल योगा फेस्टिवल आयोजना भयो । उनले यसबारे थाहा पाइन् र प्रेमीसहित सहभागी भइन् ।

जेन योग प्रशिक्षक हुन् । भारतीय नागरिक उनी काठमाण्डौमा ४ वर्षदेखि प्रशिक्षण दिँदै आएकी छन् । योगा फेस्टिवलमा उनी पनि मेन्टर्सका सूचीमा समावेश भइन् र पोखरा आइन् । अन्य ठाउँ भन्दा पोखरा उनलाई विशेष लाग्छ । आँखै अगाडि हिमाल । सफा र सुन्दर शहरले मन पुलक्कित बनाउँछ । दुई दिन सबेरै पहिलो सेशनमा उनले विन्याश योगा गराइन् । काहूँ डाँडाबाट पारी क्षितिजमा अन्नपूर्ण हिमश्रृंखला मनमोहक देखिन्छ । हिमाललाई ऐना झैं अगाडि राखेर योग आसन र प्रणायामका विविध



तरिकाहरु गरिरहँदा तारा र जेन जस्ता दर्जनौं विदेशीहरु प्रफूल्ल मुद्रामा भेटिए । १० भन्दा बढी देशका ३ दर्जनले पुस २ देखि ४ गतेसम्म चलेको योगा फेस्टिवलमा उत्साहजनक तबरले सहभागिता जनाए । सबैलाई मन्दिर अघि मण्डप बनाएर हवन, शिव, कृष्ण, रामको भजनकीर्तन गराउने सेशनमा विदेशीहरु निकै खुशीका साथ सहभागी भए । भोकै बसेर भगवानका नाममा हवन गर्नेदेखि भजनकीर्तनमा नाचगानमा उनीहरु औधि रमाए । योग कनेक्शनको आयोजनामा भएको महोत्सवको इभेन्ट म्यानेजमेन्ट प्रचार र स्पेक्स फोर्टिनले गरेको हो । नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद् र पोखरा वडा नं. ११ को सहयोगमा भएको महोत्सव निकै सफल भएको आयोजक योग कनेक्शनका राघबले बताए ।

कार्यक्रम समापन अवसरमा पोखरा वडा नं. ११ का अध्यक्ष प्रेमप्रसाद कर्माचार्य, पोखरा वडा नं. १३ का अध्यक्ष किरण बराल लगायतले विदेशीलाई पाहुनालाई जमघट गराएको यो महोत्सव अत्यन्त प्रशंसायोग्य रहेको बताउँदै शारीरिक र मानसिक स्वास्थ्यका लागि हितकारी योगको प्रचारप्रसारमा सहयोग गर्न पनि आगामी दिनमा आफूहरुको साथ रहने विश्वास दिलाए । स्पेक्स फोर्टिनका महेश्वरसिंह भण्डारीका अनुसार काहूँमा तीन दिनसम्म होम स्टेमा राखेर आवासीय सुविधासहित कार्यक्रम आयोजना गरिएकाले पर्यटन प्रवर्द्धनमा पनि आफूहरु मार्फत् टेवा पुगेको जनाए । उनले विदेशीले आयोजना गरेको यस इभेन्टको व्यवस्थापन गरेकाले यस्ता कार्यक्रमलाई सहयोग गर्नु सबैको दायित्व रहेको बताए ।

फेस्टिवलमा योगा आसन (हठ, विन्यास, क्रिया), प्राणायम र मेडिटेसन, हवन, साउण्ड बाथ एक्सटेटिक डान्स, कीर्तन सिङ्गिङ सर्कल, काकाओ सेरेमोनी, इनर चाइल्ड हिलिङ, योग निद्रा, लाइभ म्युजिक, ह्युमन मण्डला वर्कशव, नादा योगा, फायर शोलगायतका कार्यक्रम रहेको प्रचारका आशिष पुरीले बताए ।

फेस्टिवलमा प्रख्यात योगा मेन्टरर्स जेन (विन्यास योगा) सहित योगी प्रितु (क्रिया योगा), यानित्जा देरु (योगा निद्रा तथा साउण्ड हिलिङ), सिद (शमानिक साउण्ड हिलिङ), राघव (साउण्ड हिलिङ, कीर्तन), काते (नादा योगा एण्ड मन्त्र एक्सपिरियन्स), गौरव (नुर्टुरिङ रुट्स, इनर चाइल्ड हिलिङ), डिजे कान (एक्स्टेटिक डान्स मेडिटेसन, डीजे दीप (एक्स्टेटिक डान्स) आदि सेशन थियो ।

# रैथाने बालीसँगै परिकारको प्रवर्द्धन गर्दै पोखरा महानगरपालिका

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस



"मलाई काठको दाबिलो प्रयोग गरेर कोदाको ढिडोसँगै रोटी र पुवा बनाएको भन्दा अरु केही थाहा थिएन तर अहिले यसबाट धेरै परिकार बन्दा रहेछन् भन्ने प्रत्यक्ष देख्ने र अनुभव गर्न पाएँ", पोखरा महानगरपालिका वडा नं २३ पञ्चासेका किसान टङ्कनाथ बस्ताकोटीले भन्नुभयो ।

पोखरा महानगरपालिकाको आयोजना एवं मलबेरी इन्स्टिच्युट अफ हस्पिटालिटीसँगको सहकार्यमा आयोजित तीनदिने रैथाने बाली उत्पादन तथा परिकार तयार सम्बन्धी तालिममा सहभागी भइसकेपछि आफूले तालिमबाट धेरै कुरा सिक्न पाएको उहाँले अनुभव सुनाउनुभयो । रोजगारीका क्रममा २० औं वर्ष विदेशमा बसेको र गाडीको पेन्टरलगायतका काम गरेको विगत सम्झँदै उहाँले हाम्रै वरपर रहेका रैथाने प्रजातिबाट धेरै परिकार बनाउन सकिने त्यसबाट स्वरोजगार बन्न सकिने बताउनुभयो । रोजगारीकै क्रममा बिरामी भएर फर्कनुपरेका धेरै अनुभव सुनाउँदै उहाँले हाम्रो देशमा ठाउँअनुसार हुनसक्ने खेतीको विस्तार गर्दै त्यसलाई उपयोग गर्न सकेमा विदेश भौतारिनु नपर्ने बताउनुभयो । पहाडी भेगमा पाइने लप्सीबाट धेरै किसिमका परिकार बनाउन सकिने भए पनि त्यो त्यसै खेर गइरहेको जनाउँदै उहाँले गाउँ बस्तीका किसानलाई यसको उपयोग सम्बन्धमा तालिम दिनु आवश्यक भएको बताउनुभयो । बस्ताकोटीजस्तै पोखरा महानगरपालिकाभित्रका अधिकांश वडालाई समेट्ने गरी गरिएको तीनदिने तालिमले हाम्रा रैथाने बालीको बहुउपयोग सम्बन्धमा धेरै जानकारी पाइएको तालिमका सहभागीले बताउनुभयो । पोखरा महानगरपालिका वडा नं ३२ का रामराज वाग्लेलाई फर्सीको जाम, मसला आदि हुन्छ भन्ने कल्पनासम्म पनि थिएन । तालिममा सहभागी भइसकेपछि त्यही फर्सीबाट धेरै परिकार बनाउन सकिने जानकारी पाएको उहाँले बताउनुभयो । तालिमकै अर्का सहभागी पोखरा महानगरपालिका वडा नं २४ पामेका किसान रामबहादुर सुवेदीले सयपत्री फूलको जाम, अचार आदि हुन्छ भन्ने सोच्नुभएको समेत थिएन । तीनदिने तालिमका क्रममा सयपत्री फूलबाट बन्ने जाम, अचार आदि देख्दा उहाँ दङ्ग पर्नुभएको छ । पर्याप्त सङ्ख्यामा उत्पादन गर्न सकिने सयपत्रीलाई प्रशोधन गरेर खाद्यवस्तु तयार गरेमात्रै पनि आयआर्जन गर्न सकिने आफूले पाएको उहाँले बताउनुभयो । तालिमका सहभागीलाई सयपत्री फूलको जाम, सिस्नोको आइसक्रिम, फर्सीबाट बन्ने केचप, टिम्मुरे सस, पिरो सस, कोदोको दुनट, कुकिज, सिस्नोको अचार, आइसक्रिम, सयपत्री फूलको आइसक्रिम, अदुवा र लप्सीको क्यान्डी, खट्टामीठा क्यान्डी आदि परिकार बनाउने तालिम दिइएको मलबेरी इन्स्टिच्युट अफ हस्पिटालिटीका प्रमुख प्रशिक्षक पाक महर्षि सन्दीपकुमार केसीले जानकारी दिनुभयो । उहाँका अनुसार तालिमका सहभागीलाई चक्लेटले कोट गरिएको अदुवा, फर्सीको ससमा पास्ता, जिङ्गर कोटेड चक्लेट, ब्रेड, कुबिन्डो ससलगायतका परिकार बनाउने तालिमसमेत दिइएको थियो । रैथाने बालीबाट धेरै परिकार बनाउन सकिए पनि हामी त्यसको बेवास्ता गर्दै विषादीयुक्त वस्तु किनेर खाइरहेको उहाँले बताउनुभयो । विगतमा जण्डिस हुँदामात्रै खाने गरिएको फर्सीबाट बन्ने परिकारसँगै हाम्रा खेतबारीमा हुने कोदोलगायतका अन्नबाट धेरै परिकार बन्ने कुरा तालिमबाट प्रत्यक्ष जान्न र सिक्न पाइएको पोखरा महानगरपालिका वडा नं १६ स्थित केपसिटी सहकारीका सदस्य चन्द्रकुमारी देवकोटाले बताउनुभयो । "कोदोबाटै चिजवल, पास्ता, चाउचाउ आदि बन्ने रहेछ, हामी त्यो थाहा पाउन नसक्दा बालबच्चालाई दिनदिनै अस्वस्थकर वस्तु खुवाइरहेका छौं", उहाँले भन्नुभयो । उन्नत जातका नाममा रैथाने प्रजातिसमेत लोप हुँदै जान थालेको वास्तविकतामा महानगरपालिकाले रैथाने बालीको संरक्षणसँगै त्यसबाट बन्ने परिकारको प्रवर्द्धनलाई जोड दिएको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । रैथाने बालीबाट बन्ने परिकारलाई जोड दिन सकिएमा त्यसले समुदायको स्वास्थ्य रक्षामा समेत योगदान गर्ने महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले बताउनुभयो ।

# मुवाँथाई च्याम्पियनसिपको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

पोखरामा आगामी पुस ९ गते हुने राष्ट्रियस्तरको मुवाँथाई च्याम्पियनसिपका लागि तयारी तिब्र पारिएको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना तथा नेपाल मुवाँथाई अर्गनाइजेसनको संयोजनमा हुन लागेको प्रतियोगिताको आवश्यक तयारी तिव्र पारिएको हो । पोखरा ६ लेकसाइड बाराहीचोक स्थित मैदानमा हुने प्रतियोगिताका लागि पुर्वाधार तयारीको काम चलिरहेको प्रतियोगिता संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिए । 'अहिले तयारी चलिरहेको छ । करिब ६० प्रतिशतभन्दा बढी काम सकिएका छन्' उनले भने । मार्सलआर्ट अन्तरगतको मुवाँथाई व्यवसायीक फाइट हो । उक्त प्रतियोगितामा सहभागि हुने सबै खेलाडी व्यवसायिक खेलाडी हुन । एक प्रतिस्पर्धा अवधारणामा रहेको प्रतियोगितामा सबै खेलाडीले नगद प्राप्त गर्नेछन् । ' क्रिसमस डे' को अवसर पारेर हुन लागेको प्रतियोगितामा नेपालका १९ क्लबका ३२ जना व्यवसायिक फाइटरहरुको सहभागिता रहने छ । प्रतियोगितामा कुल १६ फाइट हुनेछ । वान फाइट सिस्टममा खेल हुनेछ र प्रत्येक फाइटरले खेल खेले वापत नगद समेत प्राप्त गर्नेछन्' क्षेत्रीले भने, 'यहाँ सबै फाइटर छनोट भएर आएका छन् । थुप्रै क्लबहरुले दर्ता गराएपनि हामीले नेपालका प्रोफेसनल खेलाडीलाई मात्र राखेका छौं । मुवाँथाईको प्रचार गर्नु हाम्रो मुख्य उदेश्य हो । यसलाई लेकसाइडमा गर्नु भनेको बाह्य पर्यटकलाई आकर्षित गर्नुपनि हो ।' विदेशीहरुले फाइट गेम निकै मन पराउने र लेकसाइडमा गर्दा खेलसँगै पर्यटक प्रवर्द्धनमा समेत टेवा पुग्ने उनको विश्वास छ ।

उनका अनुसार खेलाडीहरुका लागि खाना, बस्न र आवश्यक खेल पोशाकको समेत आयोजकले नै व्यवस्था गर्नेछ । प्रतियोगितामा एमेचर, सेमी प्रो (प्रोफेसनल) र प्रो फाइट (प्रोफेसनल फाइट) गरि तीन विधामा खेल हुनेछन् । वान फाइट सिस्टम अनुसार हुने फाइटमा खेलाडीले एक खेलमात्रै खेल्ने क्षेत्रीले जानकारी दिए । पछिल्लो समय मुवाँथाईको लोकप्रिय विश्वमा बढ्दै गइरहेको छ । नेपालमा मुवाँथाईको व्यवसायिक खेलाडी उत्पादन गर्ने समेत लक्ष्य रहेको छ । प्रतियोगितामा खेलाडीहरुको विमा समेत आयोजकले गरेको छ । नेपाल राष्ट्रिय मुवाँथाई संघको प्राविधिक सहयोग रहेको छ । कार्यक्रममा विभिन्न व्यावसायिक प्रतिष्ठान तथा व्यक्तिहरुको सहयोग रहेको छ । दर्शकले निशुल्क रुपमा प्रतियोगिताको अवलोकन गर्न पाउनेछन् ।

# बोल्डर ब्लाष्ट सिरिज प्रतियोगितामा नेपाल सहित ४ देशका खेलाडी प्रतिष्प्रर्धामा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

पोखरामा साहासिक खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले बोल्डर ब्लाष्ट सिरिज प्रतियोगिता सुरु भएको छ ।

पोखराको लेकसाइड स्थित खहरेमा रहेको वेष्ट इन्डोर स्पोटर्स हबले गण्डकी प्रदेश क्लाईम्बिङ स्पोर्ट्स एसोसियसनको समन्वयमा उक्त प्रतियोगिता आयोजना गरेको हो । उक्त प्रतियोगितामा ३ महिला सहित १७ जना विभिन्न ४ देशका खेलाडीहरुले सहभागिता जनाएको विस स्पोटर्स इन्डोर हबका प्रबन्ध निर्देशक सिद्धार्थ केसीले बताउनु भयो । प्रतियोगितामा नेपाल सहित अमेरीका, अष्ट्रेलिया र सुजरल्याण्डका खेलाडीहरुले सहभागि भएको उहाँले बताउनु भयो ।

१६ फिटको उचाईमा खेलाडीहरुले विना डोरीको सहायतामा बोल्डरिङ तथा वाल क्लाइम्बिङ गर्नु भएको हो । उक्त प्रतियोगिता पोखरामा पहिलो पटक भएको नेपाल आरोहण खेलकुद संघ गण्डकी प्रदेशका अध्यक्ष शेसकान्त शर्माले बताउनु भयो । पोखरा क्षेत्रमा यस खेलको अथाह सम्भावना भएको संघका सचिव मनसान्त शर्माले दाबी गर्नु भयो ।

पोखरामा आयोजना गरिएको उक्त प्रतियोगिता अवलोकन गर्न दर्शकहरुले निकै उत्साहजनक रुपमा सहभागिता जनाएको आयोजकले जनाएको छ ।

# पोखरा एन्ड्युरो रेस अब हरेक वर्ष पोखरा १३ मा गर्ने सम्झौता


**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

पोखरा एन्डयुरो रेस अब हरेक वर्ष पोखरा १३ मा गर्ने सम्झौता भएको छ । पोखरा एन्ड्युरो र पोखरा महानगरपालिका वडा नं. १३ बीच यस्तो सम्झौता भएको हो ।

हालसालै सम्पन्न भएको एन्डयुरो अन्तर्राष्ट्रिय साइकल रेसको सफलता पश्चात अब हरेक वर्ष पोखरा १३ मा नै उक्त प्रतियोगिा आयोजना गर्ने गरी सम्झौता भएको वडाध्यक्ष किरण बरालले जानकारी गराए । खेल मार्फत पोखरा १३ को पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गरिने समेत उनले उल्लेख गरे । वडाबासीलाई थोरै



भए पनि आम्दानीको बाटोमा अग्रसर गराउन उक्त प्रतियोगिता मार्फत सहयोग पुग्ने विश्वास उनको छ । पोखरा १३ सँग मिलेर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय स्तरको एन्डयुरो साइकल रेस प्रतियोगिता गर्ने सम्झौता गर्न पाउँदा खुशी लागेको एन्ड्युरो अन्तर्राष्ट्रिय साइकल रेस प्रतियोगिता गर्दै आएका जानकारहरु बताउँछन् । खेल प्रतिको विश्वासले अगाडि बढ्न सहज हुने भनाई उनीहरुको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कांग्रेसमा मर्यादाको लडाइँ

नेपाली कांग्रेसमा नेताहरूबीच वरीयताको विवाद चर्किएको छ। कांग्रेसको प्रदेश सम्मेलनमा वरीयताको निहुँमा गुटबन्दी झन छताछुल्ल भएको छ।१४ औँ महाधिवेशनपछि गुटबन्दी वरीयताको विवाद देखाएर प्रकट भएको छ। बिहीबार मधेश प्रदेशको सम्मेलनबाट नेताहरूबीचको यस्तो विवाद झन् छताछुल्ल भयो। बिहीबार जनकपुरमा आयोजित सम्मेलनमा सभापति शेरबहादुर देउवा प्रमुख अतिथि थिए। सम्मेलनमा देउवापछि दोस्रो वरीयता नपाउने भएपछि नेता शेखर कोइराला सम्मेलनमै गएनन्।

पूर्वउपसभापति विमलेन्द्र निधि सम्मेलनमा सहभागी भएपनि सभापति पछिको वरीयता नपाएपछि मञ्च ग्रहण नगरी दर्शक दीर्घामै बसेर असन्तुष्टि पोखे। कांग्रेसमा गत महाधिवेशन सम्पन्न भएलगत्तैदेखि वरीयताको विवाद छ। त्यसबेला केन्द्रीय कार्यसमितिबाट सभापति देउवाले वरीयता निर्धारण गरेपनि नेताहरूले त्यसलाई स्वीकारेका छैनन् भने सभापतिमा देउवासँग पराजित नेता कोइराला र निर्वाचित उपसभापति पूर्णबहादुर खड्काले एक-अर्कालाई नेता स्वीकारेका छैनन्। महाधिवेशन यता कोइराला उपस्थित कार्यक्रममा खड्का जाँदैनन्,। खड्का जाने कार्यक्रममा कोइराला जाँदैनन्। बाहिर कोइराला र खड्काको इगो देखिए पनि गुटगत हो।

सभापति देउवापछि दोस्रो वरीयता नपाउने अवस्था भए दुवैले कार्यक्रममै नजाने र बहिष्कार गर्ने गर्दै आएका छन्। बिहीबार मधेश प्रदेश कार्यसमितिले सभापतिपछि वरीयतामा उपसभापति तथा उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कालाई निम्त्याएपछि नेता कोइरालाले मधेश सम्मेलन बहिष्कार गरे भने यसअघि देउवापछिको वरीयतामा कोइरालालाई राखिएको भन्दै उपसभापति खड्का लुम्बिनी र गण्डकी प्रदेश सम्मेलनमा गएनन्। पार्टीका अन्य जिल्लामा भएका सम्मेलनहरूमा पनि कोइराला पुगेका कार्यक्रममा खड्का सहभागी भएका छैनन्।

अर्का उपसभापति धनराज गुरूङसहित अन्य पदाधिकारीले भने कोइरालालाई देउवापछिको वरीयतामा स्वीकारेका छन्। मधेश सम्मेलनमा कोइरालालाई वरिष्ठ नेता नभई केन्द्रीय सदस्यको रुपमा मात्रै आमन्त्रण गरेपछि बुधबार उनीनिकट नेताहरूले प्रदेश कार्यसमितिको बैठकमा 'नोट अफ डिसेन्ट' नै लेखेका थिए। 'लुम्बिनी र गण्डकी प्रदेशमा शेखरलाई वरिष्ठ नेताको रुपमा मानिएको थियो।

महाधिवेशनपछि केन्द्रीय कार्यसमिति नेता कोइराला पक्षले पार्टीको परम्परागत अभ्यास बमोजिम कोइरालालाई वरिष्ठ नेता बनाउन प्रस्ताव गरेको थियो। तर त्यसबेला देउवाले नै अस्वीकार गरे। पछिल्लो समय भने सभापति देउवा आफैंले कोइरालाले वरिष्ठ नेताकारुपमा स्वीकार गरिसकेका छन्। देउवा प्रमुख अतिथि रहेका कार्यक्रममै कोइरालालाई वरिष्ठ नेताको सम्बोधन भइसकेको छ भने देउवाले पनि नेताका रुपमा सम्बोधन गरेका छन्। कांग्रेसमा महाधिवेशनमा सभापतिमा पराजित नेतालाई वरिष्ठ नेता बनाउने अभ्यास थियो।

१३ औँ महाधिवेशनबाट देउवा सभापतिमा निर्वाचित भएपछि उनीसँग पराजित रामचन्द्र पौडेल वरिष्ठ नेता घोषित भए। सुशील कोइराला सभापति हुँदा देउवा नै वरिष्ठ नेता थिए।कांग्रेसमा गुट बनाएर बलियो हुने र त्यसैको आडमा बरिस्ठ नेता हुने चलन रहेको हुँदा सभापतिले स्वीकारेको ठाउँमा उपसभापतिले मान्दिन भन्नू माने पनि नमाने पनि मै ठूलो भन्ने आत्मसन्तुष्टि मात्र हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई टुडेज् मिनरलले खानेपानी प्रायोजन गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि सिएम एक्वा वेभरेजको उत्पादित खानेपानी टुडेज स्प्रीङ वाटरले खानेपानी प्रायोजन गर्ने भएको छ। आगामी फागुन ५ गते शनिबार पोखरामा हुने अन्तर्राष्ट्रिय म्याराथनका लागि आवश्यक खानेपानी प्रायोजन गर्ने बिहिबार दुई पक्षबीच सम्झौता भएको हो।

सिएम एक्वा वेभरेज र नेपाल भूतपूर्व खेलाडी मञ्चबीच मुख्य खानेपानी प्रायोजनका लागि सम्झौता भएको हो। सिएम एक्वाको तर्फबाट कार्यकारी निर्देशक कपिल किरण श्रेष्ठ र मञ्चकोतर्फबाट अध्यक्ष हरि प्रसाद पराजुली तथा रुटमा पानी व्यवस्थापन उपसमिति संयोजक जुम प्रसाद गुरुङबीच सम्झौता भएको हो। उक्त सम्झौता अनुसार एक्वाको उत्पादित खानेपानी टुडेज नेचुरल स्प्रीङ वाटर म्याराथन, हाप म्याराथन र कार्यक्रमस्थलमा राखिने छ। रुट खानेपानी संयोजक जुन प्रसादले टुडेजूले पानी प्रायोजन गरेर ठूलो सहयोग गरेको बताए। उनले धावकहरुलाई आवश्यक पर्ने पानीका लागि सम्झौता भएको जानकारी दिए। लामो दुरीको दौड भएकाले खेलाडीका लागि वाटर पोइन्टहरुमा अफिसियल रुपमा टुडेज मिनरल वाटर राखिने छ। पोखराको मात्र नभई अन्तर्राष्ट्रिय रुपमै चर्चामा आएको सफल पोखरा म्याराथनमा जोडिन पाउँदा कम्पनीलाई निकै फाइदा भएको कार्यकारी निर्देशक कपिल किरण श्रेष्ठले बताए। उनले सामाजिक कार्यसँगै खेलकुदमा जोडिन पाउनु आफुहरुको लागि खुसीको कुरा भएको समेत सुनाए। खेलकुदको विकासका लागि आफुहरु सहयोग गर्न तयार रहेको र सफल म्याराथनलाई सहयोग गर्न कटिबद्ध भएको उनको भनाई थियो। प्रतियोगितालाई आवश्यक पर्ने खानेपानी सिएम एक्वा वेभरेजको उत्पादन टुडेज नेचुरल स्प्रीङ वाटरले उपलब्ध गराउने श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे। यस्तै मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले २०५८ सालमा गठन भएको संस्थाले एथलेटिक्स हरेक खेलका लागि मेरुदण्ड भएकाले म्याराथनलाई जोड दिएको बताए। उनले टुडेजले खानेपानी प्रायोजन गरेर पुण्यको काम गरेको समेत सुनाए। 'संसारका चर्चित राष्ट्रहरुमा त्यहाँका चर्चित शहरको नामबाट म्याराथन आयोजना हुँदै आइरहेको छ। हामीले पनि पोखरा शहरको नाम जोडेर म्यारथन आयोजना गर्दै आइहरेका छौं। प्रतियोगितामा मनकारी समाजसेवीहरुले सहयोग गरेकै कारण आज प्रतिष्ठित प्रतियोगिता बनिरहेको छ' उनले भने, 'हामी चाहान्छौं पोखरा म्याराथन देशकै इभेन्टको रुपमा अघि बढोस्। लाखौं मानिस दौडिउन्। अझ पोखराले यसलाई ठूलो पर्वको रुपमा मनाओस्।' मञ्च अन्तर्राष्ट्रिय म्याराथन तयारीमा तिब्र रुपले अघि बढिरहेको छ। यसअघि मञ्चले अन्तरक्रिया, भेटघाट समेत गरिरहेको छ।

# फुटवयर जोनले शुरू गर्यो जुत्ता 'एक्सचेन्ज अफर'

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

नेपालका बिभिन्न जुत्ता तथा चप्पल उत्पादक कम्पनीहरुले पोखराको सिद्धार्थचोकमा संयुक्त आउटलेट शोरुम सञ्चालनमा ल्याएका छन्। हालै सञ्चालनमा आएको 'फुटवयर जोन' सिद्धार्थचोकमा कम्पनीहरुले 'फुटवयर जोन एक्स्चेन्ज अफर' समेत सार्वजनिक गरेका छन्।

पुस २ गतेदेखि लागु भएको यो अफर पोखराको लागि अत्यन्त नयाँ रहेको सञ्चालक रामकृष्ण प्रसाईंले बताएका छन। अफर अन्तर्गत कुनैपनि लेडिज जुत्ता चप्पल १ हजारसम्मको किनमेल गर्दा १० प्रतिशत छुट प्रदान हुनेछ। कुनैपनि पुरानो लेडिज जुत्ता चप्पल ल्याई १ हजारदेखि माथिको लेडिज जुत्ता चप्पल खरिद गर्दा पुरानो जुत्ताको ३ सय रुपैयाँ मूल्यांकन गरि नयाँ जुत्ताको रकमबाट घटाइने बताइएको छ। कुनैपनि जेन्स जुत्ताको खरिद गर्दा १५ सयसम्मको किनमेल गर्दा १० प्रतिशत छुट प्रदान हुनेछ। कुनैपनि जेन्स जुत्ता चप्पलको १५ सय भन्दा माथिको किनमेल गर्दा पुरानो जुत्ता ल्याइ साटेमा पुरानो जुत्ताको मूल्य ५ सय रुपैयाँ मूल्यांकन गरि नयाँ जुत्ता किन्दा घटाइने छ र थप १० प्रतिशत नगद छुट पनि प्रदान गरिने बताइएको छ। यो अफर एकजोर नयाँ जुत्ता किन्दा एक जोर पुरानो जुत्ताको मात्र मुल्यांकन गरिने प्रसाईंले जानकारी दिए। यस आउटलेटमा नेपालमै उत्पादित १० कम्पनीका ३० ब्राण्डका ३ हजार भन्दा धेरै मोडलमा लेडिज, जेन्स बच्चा सबै उमेर र वर्गलाई आवश्यक जुत्ता चप्पल एउटै छानामुनी उपलब्ध रहेको प्रसाईंले बताएका छन्। यो फ्याट्री आउटलेट संचालन भएपछि उपभोक्तालाई अत्यन्त सुलभ मूल्यमा गुणस्तरीय जुत्ता चप्पलहरु एउटै छानामुनि उपलब्ध भइरहेको र यो 'एक्स्चेन्ज अफरबाट धेरै ग्राहक लाभान्वित हुने कंपनीका अर्का संचालक सबिन कार्कीले बताए। यस अफरका कारण घरमा फाल्ने तयारीमा रहेका पुराना जुत्ता चप्पलले पनि मूल्य पाउनेमा संचालक कार्की बिश्वस्त छन।

यस जुत्ता एक्सचेन्ज अफर अन्तरगत १,००० सम्मको कुनैपनि लेडिज जुत्ता चप्पल खरिद गर्दा १० प्रतिशत छुट प्रदान गरिनेछ। कुनैपनि पुरानो लेडिज जुत्ता चप्पल ल्याई रु. १,००० देखि माथिको लेडिज जुत्ता चप्पल खरिद गर्दा पुरानो जुत्ताको रु. ३०० मूल्याङ्कन गरि नयाँ जुत्ताको रकमबाट घटाइनेछ। कुनै पनि जेन्स जुत्ताको खरिद गर्दा १,५०० सम्मको किनमेल गर्दा १० % छुट प्रदान गरिनेछ। कुनैपनि जेन्स जुत्ता चप्पलको रु. १,५०० भन्दा माथिको किनमेल गर्दा पुरानो जुत्ता ल्याइ साटेमा पुरानो जुत्ताको मूल्य ५०० मूल्याङ्कन गरि नयाँ जुत्ता किन्दा घटाइने छ र थप १०% नगद छुट पनि प्रदान गरिने बताइएको छ।

यो अफर एकजोर नयाँ जुत्ता किन्दा एक जोर पुरानो जुत्ताको मात्र मुल्याङ्कन गरिनेछ। नयाँ जुत्ता किनेमा पुरानो जुत्ताको मूल्याङ्कन गरिनेछ। यो योजना २०८० पौष महिनाभरि सिद्धार्थचोकको फ्याट्री आउटलेटमा मात्र लागु हुने सञ्चालक रामकृष्ण प्रसाईंले बताएका छ।

# 'फिस्टेल स्पोर्टस् फेस्ट'को उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस



पोखरा १७ तल्लो बिरौटा स्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित 'फिस्टेल स्पोर्टस् फेस्ट' को उद्घाटन गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले गरेका छन्।

गुरुङले उद्घाटन गर्दै गुणस्तरीय शिक्षाका लागि राजधानी वा विदेश जानुको विकल्पका रूपमा मोफसलमै रहेर पनि फिस्टेल एकेडेमीले राम्रो अवसर दिएको विचार राखे। उद्घाटन मन्तव्य राख्दै उनले भने, "अहिले एउटा वर्ग आफ्ना सन्ततिलाई गुणस्तरीय र समयानुकूलको शिक्षा दिलाउनका लागि केन्द्र तथा विदेशतर्फ पलायन भइरहेको अवस्था छ तर त्यसको विकल्पका रूपमा मोफसलमा फिस्टेल एकेडेमी उदाएको छ। यसले विद्यालय तहकै शिक्षा लिन बाहिरिने कलिला नानीबाबुहरूलाई रोक्न सफल भएको छ।" उनले कोभिड १९ को सङक्रमणकालमा फिस्टेलले अपनाएको अनलाइन शिक्षणको सराहना गर्दै आगामी दिनमा फिस्टेल अझ सशक्त र मजबुत बनेर अगाडि बढ्ने विश्वास प्रकट गरे।

उद्घाटन कार्यक्रममा शुभकामना व्यक्त गर्दै शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक अम्बिकाप्रसाद आचार्यले विद्यालय सिकाइको थलो हो भन्ने कुरालाई फिस्टेल एकेडेमीले प्रमाणित गरेको विचार राखे। यस्तै वडा नं. १७ की वडाध्यक्ष राधिकाकुमारी शाहीले सामुदायिक र निजी विद्यालय हातेमालो गर्दै अगाडि बढ्नुको विकल्प नरहेको भन्दै वडाबाट सामुदायिक तथा संस्थागत विद्यालय भनेर विभेद नगरीकन विद्यार्थीको प्रतिभा प्रस्फुटन हुने कार्यक्रममा समान सहभागिताको अवसर दिने प्रतिबद्धता व्यक्त गरिन्। प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेलले शिक्षामा संस्थागत विद्यालयको ठुलो हात रहेको बताउँदै विश्वविद्यालयमा विद्यार्थीको खडेरी परिरहेको वर्तमान परिप्रेक्षमा विद्यालयमा पनि त्यस्तै असर देखिने त होइन भन्ने कुरामा सजग रहनुपर्ने बताए। यसैगरी जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बानियाले खेलकुदले शारीरिक, मानसिक, आर्थिक, सामाजिक र संवेगात्मक विकास गर्ने मात्र नभई आपसी भाइचाराको विकास गरी युद्धको समेत अन्त्य गर्न सक्ने विचार राखे। विद्यालयका संथापक अध्यक्ष चिनु रानाभाटको अध्यक्षतामा भएको सो कार्यक्रममा विद्यालयका छात्रछात्राले विविध सांस्कृतिक प्रस्तुतिहरू पनि देखाएका थिए। विद्यालयका प्रबन्ध निर्देशक एलिस रानाभाटको स्वागत र सहप्राचार्य कमल लामिछानेको सञ्चालनमा भएको सो कार्यक्रममा स्कुल कोओर्डिनेटर डेबोरा लुइस न्युमन र विद्यार्थी रिजा श्रेष्ठले पनि बोलेका थिए। औपचारिक रूपमा बिहीबार मात्र उद्घाटन भए पनि मङ्गलबारबाट नै विविध खेलहरू सञ्चालन भइरहेको कुरा अतिरिक्त क्रियाकलाप संयोजक राजा मुखियाले जानकारी दिए।

७ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगिताबाट फुटबल तथा बास्केटबल खेलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः ७५ हजार, ३५ हजार र २० हजार नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्।

# मिलनचोक-रातोढुंगा प्रसारण लाइनको परीक्षण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ पुस

म्याग्दीमा ३३/११ केभी क्षमताको मिलनचोक-रातोढुङ्गा प्रसारण लाइन आयोजनाको आजदेखि परीक्षण सुरु भएको छ।

पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकदेखि म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुङ्गा जोड्ने २२ किलोमिटर दूरीको प्रसारण लाइनबाट रातोढुङ्गामा निर्माण भएको ३३/११ केभी क्षमताको सवस्टेशन विद्युत् आपूर्ति गराउन परीक्षण थालिएको हो। नेपाल विद्युत् प्राधिकरणको वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनाले करेन्ट प्रवाह गरिने भएकाले मिलनचोक-रातोढुङ्गा प्रसारण लाइनका खम्बा, तार, स्टेलगायत संरचना नछुन र नचलाउन सूचनामार्फत अनुरोध गरेको छ। आयोजनाका प्राविधिक रोहन शर्माले प्रसारण लाइनको परीक्षण र सवस्टेशन चार्ज गर्न लागिएको बताउनुभयो। प्रसारण लाइनको खम्बा गाड्ने, तार तान्ने, सवस्टेशनमा संरचना निर्माण तथा उपकरण जडानको काम सकिएको छ। रातोढुङ्गामा सवस्टेशनको आवास भवन निर्माण अन्तिम चरणमा छ।

नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीले एक हप्ताअघिदेखि पहिलो चरणको परीक्षणको काम थालेको थियो। परीक्षणपछि कुनै समस्या आएन भने डिसेम्बर महिनाको अन्तिमसम्म प्रसारण लाइन र सवस्टेशन सञ्चालन गर्ने तयारी रहेको निर्माण कम्पनी ए टु जेड इञ्जिनियरीङका प्रतिनिधि पद्मसागर लुइँटेलले बताउनुभयो।

नेपाल विद्युत् प्राधिकरणमार्फत सो कम्पनीले सन् २०१६ मा ठेक्का लिएको सवस्टेशन र प्रसारण लाइन सन् २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य थियो। सुरुआती चरणमा जग्गा अधिग्रहणमा भएको ढिलाइका कारण प्रभावित बनेको थियो। खम्बा गाड्ने र तार तान्ने क्रममा जग्गाधनीको अवरोधले रोकिएको आयोजनाको काम गत जेठ महिनामा चार वर्षपछि सञ्चालन भएको थियो। चार वर्षअघि नै सम्पन्न हुनुपर्ने सवस्टेशन र प्रसारण लाइन निर्माणमा भएको ढिलाइले म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार र विद्युत् आपूर्ति प्रभावित भएको छ। रातोढुङ्गा सवस्टेशन र प्रसारण लाइन सञ्चालन भएपछि पश्चिमी क्षेत्रको धौलागिरि, मालिका र मङ्गला गाउँपालिकामा केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवा विस्तारमा सहज हुने नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख प्रताप बरालले बताउनुभयो। "हाल मिलनचोक सबस्टेशनबाट चार फिडरबाट लामो दूरीमा विद्युत् आपूर्ति गराउँदा समस्या भएको छ", उहाँले भन्नुभयो, "२० किलोमिटर दूरीसम्म एउटा सबस्टेशनबाट विद्युत् आपूर्ति गराउने मापदण्ड भए पनि ८० किमीसम्म वितरण गर्नुपर्दा नियमित विद्युत् आपूर्ति गराउन भएको समस्या अब हट्ने छ।"


## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका शिक्षा महाशाखाको मिति २०८०/०९/०५ गतेको पत्र संख्या ०८०/८१ च.न. ३८१ को पत्रअनुसार यस श्री पञ्चकोशी आ. वि. मा रिक्त हुन आएको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०९/०५ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**
विज्ञापन नं.: ०१-०८०/८१
पदः प्रा.वि. करार शिक्षक संख्याः २ जना
तलब स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/०९/२० गते ४:०० बजेसम्म
निवेदन दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः पोखरा महानगरपालिका शिक्षा महाशाखा

**श्री पञ्चकोशी आधारभूत विद्यालय**
पोखरा-२३ औसेलुचौर, कास्की
सम्पर्क नं.: प्र.अ. ९८१४१३४१२६ अध्यक्षः ९८२३५७६३७९

# जाउँ है पोखरा अभियान पश्चिम नेपालमा उत्साहप्रद रुपमा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्धेश्यसहित गत मंसिर २९ गतेबाट पश्चिम नेपालमा सुरु भएको ६ दिने जाउँ है पोखरा अभियान उत्साहप्रद रुपमा सम्पन्न भएको छ।

अभियान अन्तर्गत भैरहवा, नेपालगंज, धनगढी र महेन्द्रनगरमा पत्रकार सम्मेलन र अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिएको थियो । ती कार्यक्रममा पर्यटन तथा उद्योग वाणिज्य क्षेत्रका व्यवसायीहरुको उत्साहप्रद रुपमा सहभागिता रहेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए।

होटल संघ पोखरा नेपाल र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा संचालित अभियानमा ती दुई संस्था बाहेक नाट्टा, टान र संचार क्षेत्रको समेत प्रतिनिधित्व रहेको थियो । अभियानको क्रममा आयोजित कार्यक्रममा संघका अध्यक्ष सुवेदीले पश्चिम नेपालका वासिन्दालाई संघका तर्फबाट पोखरा भ्रमणको निमन्त्रणा प्रदान गरेका थिए । पोखराका पर्यटक पश्चिम पठाउने र पश्चिमबाट पर्यटक पोखरा भित्र्याउने उद्धेश्यलाई पूरा गर्न सिधा हवाई तथा स्तरीय वस सेवा जरुरत पर्ने विषयमा दुवै तर्फका व्यवसायीहरु एकमत भएका थिए।



भैरहवामा आयोजित कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान संचालन गर्न दुबै शहरका व्यवसायी मिलेर सरकारलाई संयुक्त दबाब दिन एकमत देखिएको आयोजक संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए। यसैगरी नेपालगंजमा आयोजित कार्यक्रममा सिमा नाकामा भारतीय पर्यटकलाई नेपाल प्रवेश गर्ने क्रममा हैरानी व्यवहोर्नुपर्ने वातावरणको अन्त्य हुनुपर्ने विषयमा चर्चा भएको संघका महासचिव राजेन्द्र ढकालले जानकारी दिए । धनगढीमा आयोजित कार्यक्रममा भने पोखरा र धनगढीविच विगतमा भएको सिधा हवाई सम्पर्क पुनःस्थापित गरिनुपर्ने विषयमा चर्चा भएको थियो । महेन्द्रनगरमा सम्पन्न कार्यक्रममा भारतीय पर्यटकलाई नेपाल भ्रमणका लागि आकर्षित गर्न पोखरा र महेन्द्रनगरविच मिलेर पर्यटकीय प्याकेज विकास गर्नुपर्ने विषयमा चर्चा भएको संघका सचिव पार्वती पाण्डेले सुनाइन् । अभियानको क्रममा संघले पोखरा र वरपरको भ्रमणका लागि विभिन्न पाँच प्याकेज पनि सार्वजनिक गरेको थियो । सो क्रममा संघका अध्यक्ष लक्ष्मण सुवेदीले पोखराका एक हजार दुई सय होटलमा ४० हजार बेड रहेको, यहाँको पर्यटनमा कूल १५ हजारले रोजगारी पाएको र होटल क्षेत्रमा पाँच अर्व रुपैयाँ भन्दा बढीको लगानी रहेको जानकारी दिए । दुई दशक अघि सुरु भएको जाउँ है पोखरा अभियानकै कारण नेपालीमा घुम्ने बानीको विकास भएको र अहिले पोखरा पुग्ने पर्यटक मध्ये ३५ प्रतिशत हिस्सा नेपालीको हुने गरेको तथ्यांक संघका अध्यक्ष सुवेदीले सुनाए । कोभिड १९ र बैंकको चर्को ब्याजका कारण २५ प्रतिशत व्यवसायी यो क्षेत्रबाट पलायन भएको सुनाउँदै उनले विस्तारै अब पर्यटन लयमा फर्काउन आफूहरुले देशविदेशमा प्रबर्द्धनका कार्यक्रम जारी राखेको जानकारी दिए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालका वरिष्ठ अधिकृत कुन्दन अर्यालले बोर्डले निजी क्षेत्रसँग मिलेर नै पर्यटन प्रबर्द्धनका कार्यक्रम अगाडि बढाउँदै आएको स्मरण गराए । उनले नेपाल पर्यटन बोर्डको संरचना, गतिविधि र भूमिकाका बारेमा समेत अभियानको क्रममा प्रष्ट पारेका थिए । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले भारतीय पर्यटक झण्झटरहित रुपमा नेपाल छिर्न पाउने व्यवस्था सरकारले गर्नुपर्ने बताए । यो विषयलाई परिषद्ले सरकारसमक्ष राखिसकेको पनि उनले बताए । आबश्यकता अनुसार भारतीय पर्यटकले नेपालमा भारतीय मुद्रा ल्याउन पाउने व्यवस्थाका लागि समेत पहल गर्न उनले सरकारसँग माग गरे। पोखरा र गौतम बुद्ध विमानस्थलबाट यथाशीघ्र अन्तर्राष्ट्रिय उडानका लागि समेत उनले सरकारको ध्यानाकर्षण गराए।

# भारतीय सेनाबाट फर्केका छबबहादुरको आरन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ पुस

भारतीय सेनाबाट फर्कनुभएका छबबहादुर विश्वकर्माले आरन सञ्चालन गर्दै आउनुभएको छ । सत्र वर्ष भारतीय सेनामा सेवा गरी स्वदेश फर्कनुभएका स्याङ्जाको पुतलीबजार-१० राङखोला निवासी उहाँले आरनको कामलाई व्यावसायिकरुपमा अगाडि सञ्चालन गर्दै आउनुभएको छ।



"अवकाश भएर गाउँ फर्किएपछि केही व्यवसाय सञ्चालन गर्ने सोच पलायो", विश्वकर्माले भन्नुभयो, "गाउँमा आएपछि दुई वर्ष केही गरिन र अन्तिममा आरनलाई नै व्यावसायिकरुपमा अगाडि बढाउने टुङ्गोमा पुगेँ ।" हाल ६५ वर्ष पुग्नुभएका उहाँले सानै उमेरदेखि आफ्नो बुबाबाट सिक्नुभएको सीप सदुपयोग गर्दै आरनलाई नै व्यावसायिकरुपमा विगत २५ वर्षदेखि सञ्चालन गर्दै आउनुभएको छ।

"बुबा आरन व्यवसायमा यो क्षेत्रकै नामुद हुनुहुन्थ्यो, बुबाबाट धेरै सीप सिकेको थिएँ", विश्वकर्माले भन्नुभयो, "बुबाबाट सिकेको सीपले नै आज परिवार पाल्दै आएको छु, आम्दानीको मुख्य स्रोत नै आरन नै हो ।" आरनमा काम गर्नेलाई समाजले गर्ने हेला, भेदभाव र हिंसाका कारण नयाँ पुस्ताको चासो यसमा नभएको उहाँको भनाइ थियो । पढेकाले यो व्यवसाय गर्न हुँदैन भन्ने बुझाइले पनि असर गरेको छ।

"घन पिट्ने नै हो भने किन पढ्न पऱ्यो, पढेपछि त सोहीअनुसारको जागीर गर्नुपऱ्यो नि भन्ने बुझाइ समाजमा छ", विश्वकर्माले भन्नुभयो, "आरन व्यवसाय गर्नेप्रति समाजको दृष्टिकोण, श्रमको सम्मान नहुनुजस्ता कारणले भोलिका दिनमा यो व्यवसाय हराउँदै जाने निश्चित छ ।" पुस्तौँदेखि चल्दै आएको आरन आफूले काम गर्न सक्दासम्म मात्रै रहने र नसक्दाको दिनदेखि स्वतः आफ्नो पुस्ता तथा परिवारबाट हराउने उहाँको भनाइ थियो ।

पहिला परम्परागतरूपमा आरन सञ्चालन हुने गरेकामा अहिले आधुनिक प्रविधिको प्रयोगले काममा केही सहज बनाएको छ । आरन सीप र बलको काम हुने भएकाले बलको काम गर्नुपर्दा अरुको सहयोग लिने गरेको विश्वकर्माले बताउनुभयो । "पहिला जङ्गलमा रुख काटेर गोल बनाइन्थ्यो, काठ सित्तैमा पाइन्थ्यो", उहाँले भन्नुभयो, "हिजोआज काठ काट्न नपाउँदा कोइलाको पनि समस्या हुँदै आएको छ। रक्सी तथा कुँडो पकाउन बालिएका दाउराको गोल किनेर व्यवसाय सञ्चालन गर्दै आएको छु। "

पहिलेदेखि यहाँ बनाइएका औजार टिकाउ र राम्रो हुने छाप परेकाले अहिले पनि पाल्पा, पर्वत र कास्कीका विभिन्न ठाउँबाट औजार तथा भाँडा बनाउन आउने गरेका विश्वकर्माले बताउनुभयो । "हतियार बनाउनका लागि फलाम पिट्दादेखि धारको लेबल मिलाउन, पाइनको प्रयोगसम्म ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "पाइन पाँच प्रकारका हुन्छन्, धारलाई बलियो बनाउने पाइनले हो, पाइनको प्रयोग जो पायो उसैले लगाउनै जान्दैनन् त्यसैले औजार टिकाउ हुँदैन ।"

'छबबहादुर विक फलाम उद्योग' नामको उद्योग दर्ता गरेर व्यवसाय गर्दै आउनुभएका विश्वकर्मा विभिन्न किसिमका भाँडाकुँडाका साथै चक्कुदेखि खुँडासम्म बनाउनुहुन्छ।

न्यूनतम तीनसयदेखि अधिकतम रु सात हजारसम्म एउटै औजार तथा भाँडाबाट आम्दानी हुन्छ। नयाँ भाँडाकुँडा तथा औजार बनाउने र पुराना मर्मत गर्दा पनि मासिकरुपमा सबै खर्च कटाएर रु एक लाखभन्दा बढी उहाँ बचत गर्नुहुन्छ।

# एसईईमा कम्तीमा ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने

**रासस**
काठमाडौं, ५ पुस

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले विद्यार्थीले २०८० सालमा सञ्चालन हुने एसइई परीक्षामा कम्तीमा ३५ प्रतिशत अङ्क ल्याउनैपर्ने बताउनुभएको छ। नेशनल प्याप्सन भक्तपुरले शैक्षिक वर्ष २०८० को एसइईमा सम्मिलित हुने विद्यार्थीका लागि आयोजित परीक्षा मार्गनिर्देशन कार्यक्रममा उहाँले २०८० मा एसइई परीक्षा हुँदैन भन्ने भ्रममा नपर्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

बोर्डका अध्यक्ष डा शर्माले भन्नुभयो, "एसइईमा अब एनजी (कुनै विषयमा ३५ प्रतिशत अङ्क नल्याएमा ननग्रेड हुन्छ) प्रणाली लागू हुँदैछ । यस वर्षकै एसइई परीक्षाबाट नयाँ ग्रेडिङ प्रणाली लागू गर्ने भएकाले अब उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीले एसइईमा ३५ प्रतिशत अङ्क ल्याउनैपर्ने हुन्छ ।" कार्यक्रममा प्रसिद्ध उत्प्रेरक डा ताराप्रसाद गिरीले स्कुल जीवनमा नै भविष्य बनाउनु पर्ने भन्दै शिक्षक एवं आमाबुबाको मार्गनिर्देशनमा हिँड्ने व्यक्ति सफल हुने बताउनुभयो।

मार्गनिर्देशनमा नेशनल प्याप्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले अक्षराङ्क प्रणालीका कारण नपढे पनि उत्तीर्ण भइन्छ भन्ने विद्यार्थी र अभिभावक अझै भ्रममा रहेको बताउनुभयो। उहाँले यस्ता भ्रममा नपरी सिकाइलाई मजबुद बनाउँदै लैजान विद्यार्थीलाई आग्रह गर्नुभयो। कार्यक्रममा पूर्व परीक्षा नियन्त्रक तथा उपसचिव अर्जुनबहादुर रायमाझी, नेशनल प्याप्सनका केन्द्रीय सदस्य जिबि खड्कालगायतले कोभिडका कारण बिग्रिदै गएको पढाइको पद्धतिलाई विद्यालय, अभिभावक तथा विद्यार्थी सबैले सुधारेर लैजानुपर्नेमा जोड दिनुभयो।

# चौबीस महिना ठेक्का अवधि भएको योजना एक वर्षमै निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ पुस

चौबीस महिना ठेक्का अवधि भएको म्याग्दीको एक सडक आयोजना एक वर्षमै निर्माण सकिएको छ।

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने बेनी-गलेश्वर खण्डको कालोपत्र गर्ने आयोजना लक्ष्यभन्दा एक वर्षअघि सकिएको हो।

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत ठेक्का लागेका खण्डमध्ये सबभन्दा छिटो, छोटो समयमा धेरै काम गरेको खण्ड बेनी-गलेश्वर रहेको योजनाका इन्जिनियर अच्युतविलास पन्तले बताउनुभयो। "करिडोर दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको सातवटा प्याकेजको निर्माण सकिएको छ", उहाँले भन्नुभयो, "यसअघि छोसेर-कोरला खण्डको १८ किलोमिटर ग्राभेल गर्ने काम पनि लक्ष्यअघि नै सकिएको थियो ।" गत मङ्सिर ९ गतेदेखि सात दशमलव पाँच मिटर चौडाइका दरले डिबिएसडी प्रविधिको कालोपत्र गर्न थालिएको थियो । प्राविधिक टोलीले सडकको नापजाँच गरिरहेको छ । दुई किलोमिटर एक सय दुई मिटर सडक कालोपत्र गर्न मङ्गलादेवी सुवास कन्ट्रक्सन प्रालिले भ्याट/पीएससहित रु १२ करोड ७५ लाख ९४ हजार चार सय ३६ मा २०७९ पुस १७ गते ठेक्का सम्झौता गरेको थियो। पर्याप्त उपकरण, निर्माण सामग्री र मजदुर परिचालन गरेर लक्ष्यअघि नै सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताउनुभयो । "आयोजना कार्यालय, स्थानीय प्रशासन, जनप्रतिनिधि र समुदायले योजना निर्माणमा पर्याप्त सहयोग तथा सहजीकरण हुँदा सहज भयो", उहाँले भन्नुभयो, "गत असारमै ८० प्रतिशत निर्माण सकिएको थियो ।" सो कम्पनीले तनहुँमा पनि हालै दुई वर्ष आयोजना लक्ष्यअघि नै निर्माण सकेको छ । सडक फराकिलो बनाउने, पर्खाल, नाली, चारवटा कल्भर्ट, सबबेस, बेस र दुई सय मिटर आरसिसी ढलानपछि कालोपत्र गरिएको हो। यो सडक कालोपत्र भएपछि बेनी नगरपालिकासहित रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका, मुस्ताङवासी र घुम्न आउने पर्यटकलाई आवतजावतमा सहज भएको छ । मुक्तिनाथ प्रवेशद्वारका रूपमा रहेको यो सडकखण्डलाई समयमै सम्पन्न गर्न आयोजनाका साथै स्थानीयरूपमा नियमित अनुगमन, निरीक्षण र समन्वय गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो । "बेनी-गलेश्वर सडक आयोजना ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई चुनौती बनेको छ", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीको इच्छाशक्ति, जनशक्ति, उपकरण परिचालन व्यवस्थित हुने, निर्माण सामग्रीको पर्याप्त व्यवस्थापन गर्ने तथा सरोकारवालाले नियमनसँगै सहजीकरण गर्ने हो भने ढिलासुस्ती हटाउन सकिने सन्देश दिएको छ।"

# दलित समुदायले उत्पादन गरेको दूध सक्तलन नगरे कारबाही

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ पुस

बागलुङको काठेखोला गाउँपालिकामा सागसब्जी तथा दूध उत्पादन गर्दै आएका किसानको सङ्ख्या धेरै छ । विशेषगरी वडा नं २, ५ र ६ का किसानले बाह्रै महिना दूध उत्पादन गर्छन् ।

ब्राहमण समुदायले घरबाटै दूध बिक्री गर्छन् तर दलित समुदायले सहकारीमार्फत पनि दूध बिक्री गर्न पाएका छैन । गाउँमा दूध सङ्कलन गर्ने सहकारी तथा विभिन्न संस्थाले दलित समुदायले उत्पादन गरेको दूध नउठाइदिने गुनासो बढिरहेको छ सरोकारवाला निकायले नै चासो नदिँदा दूध बिक्री गर्न नसकिएको दलित अधिकारकर्मी बताउँछन् । काठेखोला गाउँपालिकाले दलित समुदायले उत्पादन गरेको दूध बिक्रीमा आनाकानी गर्ने सङ्घसंस्था तथा व्यक्तिलाई कारबाही गर्ने चेतावनी दिएको छ। गाउँपालिकाका प्रवक्ता टीका सङ्गम विकले दलित समुदायका किसानले उत्पादन गरेको दूध बिक्री नभएको गुनासो आएपछि गाउँपालिकाले कानुनअनुसार कारबाही गर्ने रासससालाई बताउनुभयो।

काठेखोला गाउँपालिकामा दूध बिक्री गरेरै धेरै किसानले परिवार चलाउँदै आएको भन्दै प्रवक्ता विकले गाउँपालिकाले पनि उनीहरुको सहजगताका लागि गाउँपालिका-२ अक्षतेमा दूध सङ्कलन केन्द्र स्थापना गर्ने बताउनुभयो । काठेखोलाको दूध बागलुङ बजारसँगै पोखरामा पनि बिक्री हुने गरेको छ । "सङ्घसंस्था हुन् वा व्यक्ति कसैले पनि जातीय विभेद गरेर असामाजिक गतिविधि गर्न पाइँदैन, पछिल्लो समय छुवाछूत र विभेदका कारण दलित समुदायले उत्पादन गरेको दूध बिक्री नभएको गुनासो बढेको छ", प्रवक्ता विकले भन्नुभयो। "गाउँपालिकाले यसलाई गम्भीररूपमा लिएको छ। अब जातीय विभेद भयो भने कानुनी दायरामा ल्याउन पालिका नै अग्रसर हुने कार्यपालिकाले निर्णय गरेको छ। हरेक नागरिकको पेसा व्यवसाय गरेर बाँच्न पाउन अधिकार हुन्छ । किसानको सहजगताका लागि गाउँपालिकाले पनि अक्षते बजारमा दूध सङ्कलन केन्द्र स्थापना गर्नेछ।" काठेखोला गाउँपालिका-१ पालकाकी अस्मिता विकले दूध उत्पादन भए पनि बिक्री गर्न निकै समस्या भएको रासससलाई बताउनुभयो । हिउँदमा कम भए पनि बर्षा याममा बढी दूध उत्पादन हुने तथा त्यो खेरजाने दुखेसो गर्नुभयो । छरछिमेकीको घरको दूध बिक्री भए पनि दलित परिवारको नहुने उहाँले गुनासो पोख्नुभयो । आफूहरु अन्यायमा पर्दा पनि सरोकारवाला निकाय मौन रहेको विक बताउनुहुन्छ। सरकारले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको हो। त्यसयता पनि हाम्रो समाजमा छुवाछूत र जातीय विभेद कायमै छ । काठेखोला गाउँपालिका-२ भीमापोखराका चिन्तामणि विकले लामो समयदेखि दूध बिक्री नभएकामा सङ्घर्ष गर्दै आएको बताउनुभयो। गाउँमा दूध सङ्कलन र बजारसम्म पुऱ्याउनका लागि सहकारी स्थापना भए पनि आफूहरुलाई शेयर सदस्यसमेत बन्न नदिएको बताउनुभयो।

# जेष्ठ नागरिक कल्याणकारी संस्थाको चौथो साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ पुस

जेष्ठ नागरिक कल्याणकारी संस्था पोखरा १३ आर्वा को चौथो साधारण सभा बिहिबार आर्वामा सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य सुचित तामाङ्ग तथा रजनी परियार को प्रमुख आतिथ्यता मा भएको साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष बलराम सिग्देल ले गर्नु भएको थियो । कार्यक्रममा विश्व हिन्दु महासंघ कास्की का उपाध्यक्ष भिम बहादुर बराल, समाजसेवीहरु योगराज बराल, सुर्य नाथ बराल,राजु सुनार लगायतले जेष्ठ नागरिकहरुलाई सधैँ सवैले माया र सम्मान गर्नु पर्ने बताउनु भयो । साधारण सभामा संस्थालाई बिभिन्न समयमा सहयोग गर्ने सुर्य नाथ बराल तथा राजु सुनारलाई सम्मान गरिएको थियो । कार्यक्रममा संस्थाकी उपाध्यक्ष शुशीला वरालले स्वागत,सचिव युवराज बरालले कार्यक्रम संचालन तथा कोषाध्यक्ष कृष्णप्रसाद बरालले कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। साधारण सभामा झण्डै डेढ सय जेष्ठ नागरिकहरुको सहभागिता रहेको थियो।


त्रिभुवन विश्वविद्यालय
**वन विज्ञान अध्ययन संस्थान**
पोखरा क्याम्पस, पोखरा

**सेवा करारमा हेभी सवारी चालक (ड्राईभर)को पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**

यस क्याम्पसका लागि हेभी सवारी चालक(ड्राईभर) पद २ (दुई) व्यक्तिगत सेवा करारमा बढिमा ६ महिनाका लागि पदपूर्ति गर्नुपर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/०९/१८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख